आज मिति २०७९ साल फागुन महिनाको २५ गते विहान ८:०० बजे बलेफी गाउँपालिकाका अध्यक्ष श्री गंगाबहादुर तामाङज्यूको अध्यक्षता र देहायको उपस्थितिमा बलेफी गाउँकार्यपालिकाको बैठक बसी देहायका बिषयहरुमा छलफल गरी निम्नानुसारका निर्णयहरु गरियो ।

**उपस्थिति**

| | |
|---|---|
| श्री गंगा बहादुर तामाङ | अध्यक्ष |
| श्री सरु लामा तामाङ | उपाध्यक्ष |
| श्री देवीलाल सापकोटा | सदस्य- सचिव |
| श्री हुप बहादुर खड्का | अध्यक्ष १ नं वडा कार्यालय |
| श्री छविलाल न्यापाने | अध्यक्ष २ नं वडा कार्यालय |
| श्री रितेश तामाङ | अध्यक्ष ३ नं वडा कार्यालय |
| श्री सुर्जे तामाङ | अध्यक्ष ४ नं वडा कार्यालय |
| श्री श्री यादव ठकुरी | अध्यक्ष ५ नं वडा कार्यालय |
| श्री तेज बहादुर पराजुली | अध्यक्ष ६ नं वडा कार्यालय |
| श्री गृबिन्द्र कुमार चौलागाई | अध्यक्ष ७ नं वडा कार्यालय |
| श्री रमेश कुमार श्रेष्ठ | अध्यक्ष ८ नं वडा कार्यालय |
| श्री ज्ञाने सुनार | कार्यपालिका सदस्य |
| श्री ईश्वरी भण्डारी | कार्यपालिका सदस्य |
| श्री रश्मी तामाङ | कार्यपालिका सदस्य |
| श्री समिक्षा भूजेल | कार्यपालिका सदस्य |
| श्री देवकी भुजेल | कार्यपालिका सदस्य |
| श्री कविता काफ्ले | कार्यपालिका सदस्य |

**आमन्त्रित**

श्री दल बहादुर पाण्डे    (२) श्री चक्रबहादुर जि.शि.

श्री सुकुलाल तामाङ (का. सहायक)

**बैठकका प्रस्तावहरु**

१. कार्यपालिकाको बैठक सञ्चालन प्रक्रिया सम्बन्धमा ।

२. गिट्टी/रोडा, ढुंङ्गा र बालुवा (दहत्तर बहत्तर) को शुल्क अमानत/कार्यालयबाट संकलन गर्ने सम्बन्धमा।

३. आगामी आ.व. २०७९/०८० मा यस गाउँपालिकामा बागमती प्रदेश सरकार, आर्थिक मामिला तथा योजना आयोगको समपुरक तथा विशेश अनुदानबाट सञ्चालन हुने कार्यक्रमहरु चयन गर्ने सम्बन्धमा।

४. बलेफी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ स्वीकृत गर्ने ।

५. पालिका स्तरीय अनुगमन समिति गठन गर्ने सम्बन्धमा ।

६. वडा स्तरीय अनुगमन समिति गठन सम्बन्धमा ।

८. यस गाउँपालिकाको वडा नं. ५ को ज्यामिरे स्थित चुलिडांडामा जाने बाटोमा रहेको ढुंगाखानीको आई.ई.ई गर्ने ।

७. विविध

- आ.व. २०७९/०८० को दोस्रो चौमासिक सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने स्थान र समय तोक्ने सम्बन्धमा ।
- बलेफी गाउँपालिका सिन्धुपाल्चोकको बालबालिका सम्बन्धी बस्तुस्थिति/बस्तुगत विवरण (प्रोफाईल) तयार गर्ने
- जलविरेको बस्ति विकास योजना स्वीकृत गर्ने ।
- विद्यालय दिवा खाजा व्यवस्थापन कार्यविधि, २०८१ को छलफल र स्वीकृत गर्ने।

निर्णयहरु

१. बलेफी गाउँकार्यपालिकाको बैठकको निर्णय यस गाउँपालिकाका अध्यक्ष सहितको बहुमत कार्यपालिकाका सदस्यहरुले निर्णयमा हस्ताक्षर गरी गर्ने।

२. बलेफी गाउँपालिकाको सुनकोशी र ब्रह्मायणी नदी किनारको स्वीकृत स्थानहरुहरुबाट नदीजन्य पदार्थ गिट्टी/रोडा, ढुङ्गा र बालुवा (दहत्तर बहत्तर) को उत्खनन् तथा संकलनको शुल्क निर्धारित मापदण्ड बमोजिम असुल गर्ने कार्य बोलपत्रको माध्यमबाट बढाबढ गरी गर्न बलेफी गाउँकार्यालयको कार्यालयबाट मिति २०७९/६/२७, २०७९/८/९ र २०७९/१०/०३ का राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन गरी बोलपत्र आव्हान गरिएकोमा उल्लेखित सूचना बमोजिम कुनैपनि बोलपत्र बलेफी गाउँ कार्यपालिकाको कार्यालयमा पेश हुन नआएकोले तत्काल कार्यालयका कर्मचारीद्वारा कार्यालयको नाममा नगदी रसिद काटी बागमती प्रदेश सरकारको आर्थिक ऐनले तोकेको दरमा संकलन गर्न अनिवार्य भएकोले सो कार्य बलेफी गाउँ कार्यपालिकाको कार्यालयमा कार्यरत कार्यालय सहायक श्री सुकुलाल तामाङलाई जिम्बेवारी तोकी निजले आवश्यक ठानेका अन्य कर्मचारीहरुको सहयोग लिइ कार्यालयबाटै संकलन गर्ने र सो कार्यको समन्वयकर्ताको रुपमा यस गाउँपालिकाका वडा अध्यक्ष श्री यादव ठकुरीलाई तोक्ने निर्णय गरियो ।

३. आगामी आ.व. २०८०/०८१ मा बलेफी गाउँपालिका, सिन्धुपाल्चोकमा बागमती प्रदेश सरकारबाट सञ्चालन हुने समपुरक तथा बिशेष अनुदानका कार्यक्रम देहाय बमोजिम प्रस्ताव गरी पठाउने ।

**प्रदेश समपुरक अनुदान तर्फ**

जलविरे वनकाली हगाम सडक स्तरोन्नती वडा नं. १

कामीटार लाकुरीडांडा कृषि सडक वडा नं. २

गाविसडांडा धुस्कोट गुम्बाडांडा सडक स्तरोन्नती वडा नं. ३

जंगारे अदमारा गहते पधेंरीचौर सडक स्तरोन्नती वडा नं. ४

अधेरी मांखा सडक स्तरोन्नती वडा नं. ६

खाडिचौर चिम्लिङ सडक स्तरोन्नति वडा नं. ७

CamScanner

**प्रदेश विशेष अनुदान तर्फ**

७४ किलो फलाटे अदमारा ज्यामिरे सडक स्तरोन्नती वडा नं. ५

विञ्जेल देउराली करङ्गैरा धुस्कोट सडक वडा नं. ३, ४ र ५

कपिलेश्वर महादेव तथा बृद्धाश्रम निर्माण तथा सौन्दर्यकरण वडा नं १

खाडिचौर धनसार सडक स्तरोन्नति वडा नं. ७

मांखा खानेपानी आयोजना वडा नं ६

वनसाँगु मा.वि.मा कृषि प्राविधिक शिक्षाका शैक्षिक कार्यक्रम वडा नं ८

कृषि कोल स्टोर निर्माण वडा नं ७

थारथानखोला आदमारा गुर्दुम काभ्रे खानेपानी वडा नं ५

पहरी गाउँ स्वास्थ्य चौकी भवन निर्माण वडा नं ८

लप्से ढाँडखेत सिंचाई कूलो निर्माण वडा नं ५

४. बलेफी गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०७९ स्वीकृत गर्ने ।

५. बलेफी गाउँपालिकामा सञ्चालित निर्माण कार्यको अनुगमन गर्ने प्रयोजनका लागि बलेफी गाउँपालिकाका उपाध्यक्ष श्री सरु लामा तामाङज्यूको संयोजकत्वमा देहाय बमोजिमका सदस्यहरु रहने गरी एक पालिका स्तरीय अनुगमन समिति गठन गर्ने ।

- उपाध्यक्ष श्री सरुलामा तामाङ — संयोजक
- वडा नं ६ का वडा अध्यक्ष श्री तेज बहादुर पराजुली — सदस्य
- कार्यपालिका सदस्य श्री देवकी भूजेल — सदस्य
- इन्जिनियर श्री सञ्जय प्याकुरेल — सदस्य
- योजना शाखा प्रमुख श्री ज्ञानु तामाङ- सदस्य सचिव

६. वडा स्तरीय अनुगमन समिति गठन गर्न सम्बन्धित वडालाई अधिकार दिने ।

७. यस गाउँपालिकाको वडा नं. ५ को ज्यामिरे स्थित चुलिडांडामा जाने बाटोमा रहेको ढुंगाखानीको आई.ई.ई गर्ने ।

८. विविध

- आ.व. २०७९/०८० को दोस्रो चौमासिक अवधिमा बलेफी गाउँपालिककाले गर्ने सार्वजनिक सुनुवाई कार्यक्रम मिति २०७९/१२/१८ मा वडा नं ३ स्थित धुस्कोटको भिमसेन मा.वि. मा सञ्चलन गर्ने र सो को सहजिकरणको लागि जन्मभूमि मिडियालाई जिम्मा दिने ।
- बलेफी गाउँपालिका सिन्धुपाल्चोकको बालबालिकाको अवस्था सर्वेक्षण गरी बालबालिका सम्बन्धी बस्तुस्थिति/वस्तुगत विवरण (प्रोफाईल) तयार गर्न प्रत्येक वडामा बढीमा ५ जनाका दरले योग्य गणकहरु नियुक्त गरी तत्काल नियमानुसारको सर्वेक्षणको कार्य अगाडि बढाउने, योग्य गणक प्राप्त गर्न प्रत्येक वडाले कम्तिमा ७ दिनको सूचना गरी दरखास्त आव्हान गरी गणकको छनौट गर्ने र सम्झौताको लागि बलेफी गाउँ कार्यपालिकाको कार्यालयमा पठाउने र गणकहरुले प्रत्येक घरको सर्वेक्षण गरेबापत प्रति घर सर्वेक्षण फारामको अधिक्तम रकम बढीमा रु. ३० प्राप्त गर्ने गरी गणकसँग कार्यालयले सम्झौता गरी कार्य सम्पादन गर्ने।

CamScanner

- चालु आ.व. २०७९/०८० को यस गाउँ पालिकाको लागि झोलुङ्गे पूल क्षेत्रगत कार्यक्रम अन्तरगत तत्काल गाउँपालिकाको वडा नं १ मा पर्ने घिच्चे खोला झोलुङ्गेपूल र वडा नं ३ मा पर्ने नाम्दा खोला झोलुङ्गपूलको स्टील पार्ट फेब्रिकेशन र सप्लाईको कार्य गर्न आवश्यक भएको तर यस आ.व.मा संघीय सशर्त तर्फको स्वीकृत रकम जम्मा २०,००,०००/- मात्र भएको, उल्लेखित २ वटा पूलको स्टील पार्ट फेब्रिकेशन र सप्लाईको काम मात्र गर्न जम्मा रु. ३०८५४०२/२९ लाग्ने देखिएकोले स्वीकृत रकममा अपुग हुने रकमको सुनिश्चितता गर्ने प्रतिबद्धता गर्ने र स्टील पार्ट फेब्रिकेशन र सप्लाईको खरिद प्रक्रिया अगाडि बढाउने ।
- यस गाउँपालिकाको निर्माणाधिन प्रशासकीय भवनको पूर्वपट्टि यस बर्षको बर्षा याममा पहिरो आई निर्माणाधिन प्रशासकीय भवन जोखिममा रहेकोले सो भवनको संरक्षण तथा पहिरो नियन्त्रणको कार्य तत्काल गर्न अतिआवश्यक भएको हुँदा उक्त कार्य गर्नको लागि लागत अनुमान बमोजिमको रकमको सुनुश्चितता आगामी सभाबाट गर्ने गरी खरिद प्रक्रिया अगाडि बढाउने ।
- यस गाउँपालिकाको वडा नं १ को एकीकृत बस्ति विकास योजना स्वीकृत गर्ने ।
- यस गाउँपालिकाको वडा नं १ मा रहेको जलविरेको बसपार्कमा रहेका टहराहरु अगामी असार मसान्तसम्म हटाउन सूचना गर्ने ।
- यस गाउँपालिकाको ४९८९ नं को गाडी मर्मत गर्न अति आवश्यक भएकोले उक्त गाडी निर्माण गर्न लाग्ने खर्च रु.१५२३६२१ को लागत अनुमान स्वीकृत गरी मर्मत गर्ने र भुक्तानी गर्ने ।
- बलेफी गाउँपालिकाको सामुदायिक विद्यालय दिवा खाजा कार्यविधि, २०७९ पारित गर्ने ।

➤ यस गाउँपालिकाको चालु आ.व. २०७९/०८० को स्वीकृत बार्षिक कार्यक्रममध्ये चौथो बलेफी गाउँपालिका जिल्ला स्तरीय फूटवल प्रतियोगिता २०७९ चैत्र ४ गतेदेखि ११ गतेसम्म सुनकोशी स्थित लामोसाँघु खेल मैदानमा गर्ने। उक्तखेल सञ्चालन गर्न जिल्ला फूटवल संघ, सिन्धुपाल्चोकसँग प्राविधिक सहयोग उपलब्ध गराउन अनुरोध गर्ने । खेलको सम्पूर्ण व्यवस्थापन गर्ने जिम्मा यस गाउँपालिकाका सामाजिक विकास समितिका संयोजक श्री रमेश कुमार श्रेष्ठलाई दिने र सो खेलको लागि देहायको शिर्षकहरुमा देहाय बमोजिमको खर्च स्वीकृत गरी कार्यक्रम सञ्चालन गर्ने

चौथो बलेफी गाउँपालिका जिल्ला स्तरीय फूटवल प्रतियोगिताको लागि आवश्यक खर्च विवरण

| क्र.सं. | विवरण | संख्या | दर रु. | जम्मा रु. |
|---|---|---|---|---|
| १ | प्रथम पुरस्कार | १ | १००००० | १००००० |
| २ | द्वितीय पुरस्कार | १ | ५०००० | ५०००० |
| ३ | मेडल प्रथम र द्वितीय | ४० | ३०० | १२००० |
| ४ | ट्रफी प्रथम र द्वितीय | २ | | ४०००० |
| ५ | प्रमाण पत्र फ्रेम सहित | ४० | २५० | १०००० |
| ६ | फुटवल वा म्याचवल | १० | २००० | २०००० |
| ७ | चेन्जिङबोर्ड | १ | ३००० | ३००० |
| ८ | जालि/नेट | २ | ६००० | १२००० |
| ९ | कर्नर झण्डा | ४ | १५०० | ६००० |
| १० | रेफ्री भत्ता १० दिन ५ जना आतेजाते समेत | | | १५०००० |
| ११ | मेडिकल खर्च | | | ३००० |
| १२ | खेलमैदान मर्मत | | | २०००० |
| १३ | स्वयम् सेवक खर्च | ८ जना ८ दिन | ५०० | ३२००० |
| १४ | टेण्ट कुर्सी भाडा | | | १२००० |
| १५ | प्रचारप्रसार खर्च | | | १०००० |
| १६ | साउण्डसिष्टम भाडा | | | १०००० |
| १७ | मायाको चिनो | | | १०००० |
| | | | जम्मा: | ५००००० |

कविता

➢ मिति २०७९ चैत्र ४ गते देखि हुने चौथो बलेफी गाउँपालिका जिल्ला स्तरीय फुटवल प्रतियोगितामा बलेफी गाउँपालिकाबाट प्रतिनिधित्व गर्ने १८ जना खेलाडी र खेल शिक्षक २ जना समेतको खाना, खाजा, आवास र गाडी भाडा खर्च देहाय बमोजिम स्वीकृत गर्ने

खाना २० जना ७ दिन २ छाक रु. ३०० का दरले जम्मा रु. ८४,०००/-
खाजा २० जना ७ दिन २ छाक रु. २५० का दरले जम्मा रु. ७०,०००/-
आवास २० जना ७ रु. १००० का दरले जम्मा रु. १,४०,०००/-
गाडी भाडा ७ दिन रु. ७००० का दरले रु. ४९,०००/-
जर्सी २० वटा ११५० का दरले जम्मा रु. २३,०००/-
विविध खर्च (खाने पानी, चिया आदि) रु. ५,०००/-

जम्मा रु. ३,७१,०००/-

➢ यस बलेफी गाउँपालिकाको चालु आ.व. २०७९।८० ~~सम्पूर्क~~ संघीय सशर्त तर्फको रु १०००००।- र गाउँपालिका तर्फको रु २०००००।– गरी जम्मा रु.३०००००।– को राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सञ्चालन गर्ने स्वीकृत वार्षिक कार्यक्रमको रकमबाट देहायका शिर्षकमा देहाय बमोजिमको खर्च ~~हुने~~ गरी मिति२०७० साल माघ २३ र २४ गते बालशिक्षा माध्यामिक विद्यालय मा उक्त कार्यक्रम सञ्चालन गर्न भएको खर्च अनुमोदन गर्ने ।

| क सं | विवरण | परिमाण | दर | जम्मा |
|---|---|---|---|---|
| १ | ~~पर्चापत्र~~ फ्लेक्स व्यानर ६*४ | १ | १२०० | १२०० |
| २ | मटन खाना | ३० | ३०० | ९००० |
| ३ | खाजा | १० | २५० | २५०० |
| ४ | आवास कोठा | १८ | १००० | १८००० |
| ५ | खाना | ९ | ३३० | २९७० |
| ६ | खाजा | १४ | २०० | २८०० |
| ७ | विविध खर्च | १ | ५००० | ५००० |
| ८ | शिल्ड को लागि पुरस्कार | १ | ३०५०० | ३०५०० |
| ९ | पुरस्कार नगद एक मुष्ट | १ | ३०००० | ३०००० |
| १० | खेल सामग्री मेडल शान्तना समेत | १ | ५००० | ५००० |
| ११ | खेल सामग्री मेडल साधारण | २५५० | ३५ | ८९२५० |
| १२ | स्टेनरी तथा मसलन्द | १ | १५००० | १५००० |
| १३ | रेफ्री पारिश्रमिक उसु | २ | ३५०० | ७००० |
| १४ | रेफ्री पारिश्रमिक एथलेटिक्स | २ | ३५०० | ७००० |
| १५ | रेफ्री पारिश्रमिक तेक्वान्दो | ६ | २००० | १२००० |

कविता

| | | | | |
|---|---|---|---|---|
| १६ | रेफ्री पारिश्रमिक कपर्दी | १० | २००० | २०००० |
| १७ | रेफ्री पारिश्रमिक भलिबल | ६ | ३१३६ | १८८१६ |
| १८ | यातायात खर्च ।गाडीभाडा। | १ | २४००० | २४००० |
| जम्मा | | | | ३०००३६ |

कविता